नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी

# ३ नं. प्रदेश प्रहरी कार्यालय, हेटौडा मकवानपुर

(आर्थिक प्रशासन शाखा)

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७५ साल कार्तिक १८ गते आईतबार ।**

यस ३ नं. प्रदेश प्रहरी कार्यालय हेटौडामा रहेका कुकुर संख्या ६ का लागि कुकुर दाना आहार सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा आ.व.२०७५/०७६ अर्थात २०७५ साल माघ १ गते देखि २०७६ साल पौष मसान्त सम्म बर्ष १ को लागि खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएकै दिन देखि मिति २०७५/०८/०२ गते आईतबार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी मिति २०७५/०८/०३ गते सोमबार दिनको १२:०० बजे भित्र निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सुचना https://state3.nepalpolice.gov.np मा पनि हेर्न सकिनेछ । विस्तृत विवरण बुझ्न परेमा कार्यालय समय भित्र ३ नं. प्रदेश प्रहरी कार्यालय हेटौडा, आ.प्र.शाखामा सोझै सम्पर्क गर्न वा फोन नं.०५७-५२१४९९/९८५५०९०१९९ मा सम्पर्क गर्न सकिने छ ।

निम्नः-

१. खरिद गरिने पशुपंक्षी आहारको किसिम र परिमाण तथा प्राविधिक विवरण(स्पेसिफिकेशन) लगायत अन्य शर्तहरु दरभाउ पत्र कागजातमा उल्लेख भए बमोजिम हुने छ ।

२. दरभाउपत्रको माध्यमबाट भाग लिन चाहने दरभाउपत्र दाताहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको दिन देखि मिति २०७५/०८/०२ गते आईतबार कार्यालय समयभित्र तोकिएको शुल्क रु.१,०००।०० (फिर्ता नहुने गरी) वा नेपाल सरकारको राजश्व शिर्षक १४२२७(टेण्डर फारम बिक्री), कार्यालयको कोड नं.३१-४००३२०२, खाता नंम्बर ००१०१००००००००१००१००१ मा रकम जम्मा गरेको सक्कल भौचर साथ लिखित निवेदन सहित फर्म, संस्था, कम्पनि दर्ता प्रमाणपत्र, व्यबसाय दर्ता प्रमाण पत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.ब.२०७४/०७५ को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी समेत संलग्न राखि यस कार्यालयको आर्थिक प्रशासन शाखा, कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुर तथा जिल्ला प्रशासन कार्यालय, मकवानपुर समेतबाट दरभाउपत्र खरीद गर्न सकिनेछ ।

३. सिलबन्दी दरभाउ पत्र पेश गर्ने दरभाउपत्रदाताहरुले सुचना प्रकाशित भएकै दिन देखि मिति २०७५/०८/०३ गते सोमबार १२:०० बजे भित्र सि.नं.२ मा उल्लेखित कागजात साथ सिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ । सिलबन्दी दाखिला भएका दरभाउ पत्रहरु सोही दिनको १४:०० बजे पशुपंक्षि दाना खरिद दरभाउपत्र मुल्यांकन समितिका पदाधिकारी एबं कार्यालयमा उपस्थित प्रतिनिधी समक्ष उपस्थित दरभाउपत्रदाता वा निजहरुका आधिकारीक प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ पत्रदाता तथा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित स्थान र समयभित्र दरभाउपत्रहरु खोलिने छ ।

४. दरभाउपत्र फारम साथ तोकिएको जमानत रकम रु.२३,५००।-(तेईस हजार पाँचसय) मात्र कोष तथा लेखा नियन्त्रण कार्यालय हेटौडाको नेपाल वैंक लिमिटेड सिटी अफिस हेटौडा स्थित एकल धरौटी खाता नं.०२५०२००००००००३०००७० मा जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर वा"क"श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पेश गर्नु पर्नेछ । वैंक जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले दरभाउपत्रको लागि ७५ दिन मान्य अवधिको हुनु पर्नेछ ।

५. दरभाउपत्रदाताहरुले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ४० उप-नियम २(ङ) मा उल्लेख भए अनुसार खरीद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

६. रित नपुगी वा दरभाउपत्रहरुको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको सिलबन्दी दरभाउपत्र उपर कारवाही गरिने छैन ।

७. दरभाउपत्र सिलबन्दी गरी दरभाउपत्रको बिषय, दरभाउपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम र ठेगाना उल्लेख गरि पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्रमा कुकूर दानाको दररेट भर्दा मु.अ.कर बाहेकको दररेट अंक र अक्षरमा प्रष्ट खुलाई भरी पेश गर्नु पर्ने छ । अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । केरमेट भएमा दरभाउपत्रदाताको सहि छाप भएको हुनु पर्ने छ ।

९. कुकुर दाना(आहार) खरिद सम्झौता अवधिभर कुनै पनि मुल्य बृद्धी दिईने छैन । कुकूर दाना(आहार) ढुवानी बापतको खर्च आपुर्तिकर्ता स्वयमले बेहोर्नु पर्ने छ ।

१०. कुकूर दाना(आहार) नमूना सम्बन्धमा यस कार्यालयमा मूल्याङ्कन समितिका पदाधिकारीहरुको दस्तखत गरी सिलप्याक साथ कार्यालयले कुकूर दाना(आहार) नमूना राख्ने छ । कार्यालयमा राखीएको नमूना र दरभाउपत्र सम्बन्धित कागजातमा उल्लेख भएको प्राविधिक विवरण (स्पेसिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको कुकूर दाना आहार आपूर्ति गर्नु पर्ने छ । आपूर्तिकर्ताले कुकूर दाना(आहार नमूना) १किलो ग्राममा नघटाई सिलप्याक गरी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

११. दरभाउपत्र स्वीकृत भई खरिद सम्झौताको लागी आउँदा दरभाउपत्र साथ नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेको भए बार्षिक कबोल अंकको ५% ले नपुग हुने थप नगदै रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरको नेपाल बैंक लिमिटेड हेटौडामा रहेको धरौटी खाता नं.०२५०२०००००००००३००००७० मा जम्मा गरी दोश्रो प्रति सक्कलै बैंक भौचर पेश गरी वा ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको बार्षिक कबोल अंकको ५% रकम बराबरको परफरमेन्सवन्ड (कुकूर दाना आहार खरिद सम्झौता अवधि भन्दा कम्तीमा १ महिना बढी मान्या अवधि भएको कार्य सम्पादन जमानत पत्र) पेश गरे पछि मात्र सम्झौता गरी गराई सम्झौता पत्र र कार्यादेश पत्र दिईने छ ।

१२. पेश्की लिनको लागी खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा १ महिना बढी अवधि मान्य हुने ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (जमानत)पेश गर्नु पर्ने छ ।

१३. प्रत्येक महिनाको रनिङ्ग विलबाट भुक्तानी अंकको १.५% अग्रिम आयकर बापत हुने रकम कट्टा गरी (फिर्ता नहुने गरी) आन्तरीक राजश्व कार्यालयमा दाखिला गरिने छ ।

१४. कुकूर दाना(आहार) आपूर्तिकर्ताले नमूना बमोजिमको कुकूर दाना (आहार) आपूर्ति गर्न नसकेमा कुकूर दाना(आहार) खाने खुवाउने तर्फ कुनै बाँधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई कुकूर दाना(आहार) खरिद सम्झौता रद्ध गरिने छ ।

१५. दरभाउपत्रदाताले यस कार्यालयमा राखेको नमूना तथा दरभाउपत्र फारममा उल्लेखित स्पेसिफिकेशन अनुसारको नमूना पेश गर्नु पर्ने छ ।

१६. एक व्यक्ति, फर्म, संस्था वा कम्पनिको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनिको नामबाट पेश गर्न पाईने छैन ।

१७. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ ।

१८. कुकूर दानाको खरिद सम्झौता भए पछि मात्र अन्य अस्विकृत दरभाउपत्रदाताहरुको धरौटी रकम नियमानुसार फिर्ता र फुकुवा दिईने छ ।

१९. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२०. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कुनै पनि कागजातमा उल्लेखित सर्तहरुको प्रतिकुल हुने गरी कुनै पनि सर्त थप गर्न पाईने छैन ।

प्रहरी नायव महानिरीक्षक
(दिपक कुमार थापा)